प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुरको

# मौका परीक्षाको आवेदन फाराम भर्ने बारे अत्यन्तजरुरी सूचना

(मिति २०७५ फाल्गुन १२ गते प्रकाशित)

यस परिषद्का आंगिक, साझेदारी, सामूदायिक विद्यालय र निजी स्तरमा संचालित डिप्लोमा इन इन्जिनियरिङ्ग, फुड एण्ड डेरी टेक्नोलोजी, Hotel Management र **IT** कार्यक्रमको तेश्रो बर्ष दोश्रो खण्ड र प्रमाणपत्र तह नर्सिङ्ग, सामान्य चिकित्सा, कृषि, ल्याब टेक्निसियन, रेडियोग्राफी, होमियोप्याथी, डेण्टल साइन्स (डेण्टल हाइजिन), डिप्लोमा इन फार्मेसी, अप्थाल्मिक साइन्स, सामान्य आयुर्वेदिक चिकित्सा, फरेष्ट्री तथा अकुपन्चर कार्यक्रमहरुको **सैद्धान्तिक वा प्रयोगात्मक एक विषयको मौका परीक्षा २०७५ साल चैत्र १० र ११ गते** संचालन हुने हुंदा सम्बन्धित परीक्षार्थीहरुले **२०७५ साल चैत्र ३ गते सम्म** सम्वन्धित शिक्षण संस्थाहरुमा परीक्षा आवेदन फाराम भरी बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ। निम्न शर्तहरु पूरा नभएका र तोकिएको समयभित्र आवेदन फाराम नबुझाउने संस्थाका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु :**

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सबै भरिएको हुनुपर्नेछ। उक्त आवेदन फाराममा परीक्षार्थीको हालसालै खिचेको दुबै कान सहित अनुहार प्रष्ट देखिने **पासपोर्ट साईजको** फोटो ३ (तीन) प्रति टाँसिएको हुनुपर्नेछ। परीक्षा आवेदन फारामसाथ समष्टीगत फाराम भरी सो को एक प्रति Soft Copy **Excel 7.0** *मा र* **Hard Copy (Printed Copy)** *दुई प्रति* समेत फारामसाथ अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ।

२. **परीक्षा आवेदन फाराम शुल्क प्रति सैद्धान्तिक वा प्रयोगात्मक विषय वापत रु. ३०० ।- बुझाउनु पर्नेछ।**

३. ***सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम शुल्क वापतको रकम मिति २०७५/१२/०४ गते अनिवार्य रुपमा बुझाउनु पर्नेछ।***

४. सम्वन्धित शिक्षण संस्थाहरुले उक्त मौका परीक्षाका आवेदन फारामहरु मिति **२०७५ साल चैत्र ४ गते सम्ममा** अनिवार्य रुपमा परिषद्, परीक्षा नियन्त्रण कार्यालय र परिषद्को सम्वन्धित साबिक क्षेत्रीय कार्यालयहरुमा बुझाउनु पर्नेछ।

५. **परीक्षार्थीहरुको सिम्वोल नं राख्दा अन्तिम परीक्षामा प्राप्त सिम्वोल नं नै परीक्षा आवेदन फाराममा उल्लेख गर्नु पर्ने छ।**

६. २०७५ साल भाद्र/आश्विन महिनामा संचालन भएको सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत तेश्रो वर्ष दोश्रो खण्ड तथा बार्षिक परीक्षा प्रणाली अन्तर्गत तेश्रो वर्षको नियमित परीक्षामा सम्मिलित परीक्षार्थीहरुले मात्र उक्त आवेदन फाराम भर्न पाउने छन् र ***उक्त नियमित परीक्षाको Result Sheet को प्रतिलिपी अनिवार्य रुपमा आवेदन फारामसाथ संलग्न गर्नु पर्नेछ।***

७. सेमेष्टर परीक्षा प्रणाली तर्फ प्रथम वर्ष प्रथम र दोश्रो खण्ड, दोश्रो वर्ष प्रथम र दोश्रो खण्ड र तेश्रो वर्ष प्रथम खण्ड उत्तीर्ण विद्यार्थीहरुले मात्र तेश्रो वर्ष दोश्रो खण्डको एक विषयमा मात्र अनुत्तीर्ण उक्त विषयको मौका परीक्षाको आवेदन फाराम भर्न पाउने छन्। बार्षिक परीक्षा प्रणाली तर्फ प्रथम र दोश्रो वर्षको परीक्षा उत्तीर्ण विद्यार्थीहरुले मात्र तेश्रो वर्षको परीक्षामा एक विषयमा मात्र अनुतिर्ण उक्त विषयको मौका परीक्षाको आवेदन फाराम भर्न पाउने छन्। सेमेष्टर परीक्षा प्रणाली तर्फ प्रथम वर्ष प्रथम र दोश्रो खण्ड, दोश्रो वर्ष प्रथम र दोश्रो खण्ड तथा तेश्रो वर्ष प्रथम खण्ड तथा बार्षिक परीक्षा प्रणाली तर्फ प्रथम र दोश्रो वर्ष उत्तीर्ण गरेको लब्धांक पत्र (Mark Sheet) को प्रतिलिपि अनिवार्य रुपमा आवेदन फारामसाथ संलग्न गर्नु पर्नेछ। यदि सेमेष्टर परीक्षा प्रणाली तर्फ प्रथम वर्ष प्रथम र दोश्रो खण्ड दोश्रो वर्ष प्रथम र दोश्रो खण्ड तथा तेश्रो वर्ष प्रथम खण्ड र बार्षिक परीक्षा प्रणाली तर्फ प्रथम र दोश्रो वर्ष अनुतिर्ण हुने परीक्षार्थीहरुले उक्त परीक्षाको आवेदन फाराम भरी परीक्षा दिएमा उक्त परीक्षा स्वतः रद्द हुनेछ।

८. अन्य संस्थावाट रजिष्ट्रेशन भएका विद्यार्थीहरुको हकमा उक्त संस्थाको नाम परीक्षा आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ र स्थानान्तरणको अनुमति पत्रको छायां प्रति समेत संलग्न राख्नु पर्नेछ।

९. आवेदन फाराम परिषद्को परीक्षा नियन्त्रण कार्यालय र परिषद्का सम्वन्धित क्षेत्रीय कार्यालयहरुबाट उपलब्ध हुनेछ। आवेदन फाराम व्यक्तिगत रुपमा बुझिने छैन। उक्त फाराम सम्बन्धित शिक्षण संस्था मार्फत बुझाउनु पर्नेछ।

१०. प्रवेश पत्र विना परीक्षामा सामेल गराइने छैन। अतः सम्बन्धित शिक्षण संस्थाहरुले प्रवेश पत्र तोकिएको समय भित्र बुझिलिनु पर्ने छ।

११. **उल्लेखित कार्यक्रमहरुको सैद्धान्तिक विषयहरुको परीक्षा निम्नानुसारको मिति र समयमा संचालन हुनेछ। परीक्षा केन्द्र तोकिएको सूचना पछि प्रकाशित हुने छ।**

   **क) मिति २०७५ साल चैत्र १० गते आइतबार विहान ७:०० बजे देखि सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत सम्पूर्ण शैक्षिक कार्यक्रमका सम्पूर्ण विषयहरु।**

   **ख) मिति २०७३ साल चैत्र ११ गते सोमवार विहान ७:०० बजे देखि बार्षिक परीक्षा प्रणाली अन्तर्गत सम्पूर्ण शैक्षिक कार्यक्रमका सम्पूर्ण विषयहरु।**

१२. यो सूचना परिषद्को Website मा पनि हेर्न सकिनेछ। अन्य विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालयमा सम्पर्क राख्नुहोला।

**परीक्षा नियन्त्रक**